# काठमाडौं महानगरपालिका

# यें महानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बागदरबार, काठमाडौं, बाग्मती प्रदेश, नेपाल

(वित्त विभाग)

पत्र संख्या: ०८१/०८२
चलानी नं.: २००९

मिति:२०८१/१२/२७
ने.स.११४५ चौलाथ्व द्वादशि,बुधबार

श्री सबै वडा कार्यालय,
काठमाडौं महानगरपालिका ।

**विषयःपरिपत्र ।**

काठमाडौं महानगरपालिकाको आर्थिक बर्ष २०८०/८१ को महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण सम्पन्न भइ प्राम्भिक प्रतिवेदन प्राप्त भएको हुदाँ प्रतिवेदनमा उल्लेखित विषयहरुलाई अवलम्बन गरि आगामी दिनमा महानगरपालिकाबाट वितीय कारोबार गर्दा निम्नानुसार गर्नु गराउनुहुन मिति २०८१/१२/२७ मा भएको निर्णय (प्रमुख प्रशासकीय अधिकृत स्तर) अनुसार गर्न अनुरोध गरिन्छ ।

<u>निम्न</u>

१. निर्माण कार्यको लागत इस्टिमेट गर्दा नियमानुसार हुने कन्टिन्जेन्सी, VAT, Overhead सहितको इस्टिमेट तयार गरी स्वीकृत गर्ने । उपयुक्त खरिद विधि अपनाइ कार्य गर्ने ।

२. बजेट तथा कार्यक्रममा छुट्टाछुट्टै रकम विनियोजन भएको एकै प्रकृतिका कार्य भएमा एकमुष्ट (प्याकेजिङ) ल.ई. गरी अत्याधिक प्रतिस्पर्धा हुने गरी टेण्डर प्रकृयाबाट कार्य गर्ने ।

३. कोटेशनबाट गरिने खरीद कार्यलाई निरुत्साहित गर्ने । तत्काल गर्नुपर्ने काम भए सोको प्रर्याप्त कारण खोली मात्र कोटेशनबाट खरिद गर्ने ।

४. उपभोक्ता समितिबाट कार्य गर्दा चालु आर्थिक बर्ष भित्र नै कार्य सम्पन्न हुने गरी सम्झौता गर्ने । उपभोक्ता समितिलाई पेश्की उपलब्ध गराउदा चालु आ.बको आषाढ १५ गते भित्र फछ्र्यौट गरी मात्र उपलब्ध गराउने ।

५. उपभोक्ता समितिलाई सम्झौता अनुसार प्रथम किस्ता मात्र पेश्की दिने । त्यसपछि उपभोक्ता समितिले कार्य सम्पन्न गरेको आधारमा पेश्की फछ्यौट गरी बाँकी रकम भुक्तानी दिने । दोस्रो, तेस्रो किस्तामा पेश्की रकम उपलब्ध नगराउने ।

६. सेवाग्राहीबाट कर संकलन गर्दा वडा कार्यालयको बेरुजु लगतमा उल्लेखित बेरुजु भए सो समेत समावेश गरी मात्र चालु आ.बको कर संकलन गर्ने ।

७. आ.ब २०८०/०८१ मा कर संकलन गर्दा आर्थिक ऐन, २०८० मा भएको व्यवस्था भन्दा फरक गरी सेवाग्राहीलाई दिइएको कर छुट रकमलाई समेत थप गरी कर संकलन गर्ने ।

शिवराज अधिकारी
प्रमुख, वित्त विभाग

बागदरबार, काठमाडौं, नेपाल । फोन नं.: ४२६८५०६, फयाक्स: ४२६८५०९
पो.ब.नं.: ८४१६, ईमेल: info@kathmandu.gov.np, kmcmayor@mos.com.np, वेभसाईट: www.kathmandu.gov.np

Scanned with CamScanner

काठमाडौं महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बागदरबार, काठमाडौं, बाग्मती प्रदेश, नेपाल

पत्र संख्याः ०८१/०८२
चलानी नं.:

(वित्त विभाग)

८. वडा कार्यालयबाट खरिद भएका खप्ने, नखप्ने मालसामानहरुको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावलीले तोकेको व्यवस्था बमोजिम दाखिला गर्ने । विवरण अध्यावधिक राख्ने ।

९. उपभोक्ता समितिबाट सरकारी भवन, सामुदायिक विद्यालय बनाउने जस्ता कार्य नगर्ने, नगराउने ।

१०. सार्वजानिक निर्माण सम्बन्धी कार्य गर्दा सार्वजानिक खरिद नियमावलीले तोकेको उपयुक्त विधिबाट गर्ने । गैर सरकारी संस्थाबाट यस्ता कार्य नगराउने ।

११. बजेट सुनिश्चितता नभइ खरिद कार्य नगर्ने । स्वीकृत बजेटलाई टुक्राटुक्रा पारी कार्य नगर्ने ।

१२. सामाजिक सुरक्षाभत्ता लिने लाभग्राहिलाई मृत्यु भए पश्चात भत्ता रकम बैंकमा नजाने गरी आवश्यक सतर्कता अपानाइ कार्य गर्ने । यस प्रकारको बेरुजु तत्काल असुल गर्ने ।

डा.शिवराज अधिकारी
विभागीय प्रमुख

<u>बोधार्थ</u>

श्री प्रशासन विभाग
श्री आन्तरिक लेखापरीक्षण एकाई
काठमाडौं महानगरपालिका ।

बागदरबार, काठमाडौं, नेपाल । फोन नं.: ४२६८५०६, फ्याक्स: ४२६८५०९
पो.ब.नं.: ८४१६, ईमेल: info@kathmandu.gov.np, kmcmayor@mos.com.np, वेभसाईट: www.kathmandu.gov.np

Scanned with CamScanner